# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

### (परीक्षा सञ्चालन तथा व्यवस्थापन शाखा)

सूचना नं.: ४७/०७८-७९

मिति: २०७९/३/५

**परीक्षा भवन कायम गरिएको सूचना ।**

यस आयोगको विज्ञापन नम्बर ५१५-५१६/२०७८-७९, सहायक पाँचौ, विविध सेवा, महिला विकास निरीक्षक पदको मिति २०७९।१।१० मा सञ्चालन भएको प्रथम चरणको लिखित परीक्षाबाट द्वितीय चरणको परीक्षाका लागि छनौट भएका उम्मेदवारहरुको द्वितीय चरणको परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह | परीक्षा मिति र समय | परीक्षा केन्द्र र रोलनम्बर |
|---|---|---|---|---|
| ५१५-५१६/२०७८-०७९ | महिला विकास निरीक्षक | विविध | २०७९।०३।११ बिहान ८:०० बजे | श्री जन नमूना माध्यमिक विद्यालय क केन्द्र ठूलो भवन उत्तर तर्फ रोल नम्बर १ देखि १५६ सम्म |
| | | | | श्री जन नमूना माध्यमिक विद्यालय ख केन्द्र ठूलो भवन उत्तर तर्फ रोल नम्बर १५७ देखि ३१४ सम्म |

**द्रष्टव्य : (परीक्षार्थीहरुले अनिवार्य पालना गर्नु पर्ने विषयहरु)**

१. प्रवेशपत्र बिना परीक्षामा सहभागी गराईने छैन। प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले यस कार्यालयबाट अनिवार्य रुपमा परीक्षा सञ्चालन हुनुभन्दा एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ। परीक्षा शुरु हुन भन्दा १ (एक) घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ।

२. परीक्षा दिन जाँदा नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र लिई जानुपर्नेछ अन्यथा परीक्षामा सहभागी गराइने छैन ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

४. परीक्षा भवनमा झोला, मोबाइल तथा अन्य विधुतीय सामाग्री लैजान निषेध गरिएको छ ।

५. परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्र प्रयोग गर्नु पर्नेछ ।

६. उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाइ परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्नेछ ।

७. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कदा एक आपसमा भौतिक दुरी कायम गर्नु पर्नेछ ।

८. परीक्षार्थीहरुले परीक्षा केन्द्र वा कोठामा समूहमा भेला हुने जस्ता कार्य गर्न पाईने छैन।

९. कोभिड-१९ बाट संक्रमित बिरामीको लागि प्रदेश लोक सेवा आयोग, सुर्खेत कार्यालयमा विशेष परीक्षा केन्द्र व्यवस्था गरिएकोले सम्बन्धित उम्मेदवारले यस कार्यालयको (फोन नं. ०८३-५९०३००/५९०३०१ वा ईमेल- **exam.ppsc@karnali.gov.np**) सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

(प्रेमप्रसाद आचार्य)
शाखा अधिकृत

(बुद्धि बहादुर खत्री)
उपसचिव